जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२५ पृष्ठः ४ | २०८२ भदौ १८ गते बुधबार (Wednesday 03 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भूमि विधेयकमा नसघाउँदा सरकारले गौर घटना उचाल्यो : सचिव मण्डल




सिरहा, १७ भदौ। जनता समाजवादी पार्टी, नेपालका सचिव सुरेशकुमार मण्डलले आफ्नो पार्टीले सरकारलाई भूमि विधेयकमा साथ नदिँदा गौर घटना उचालिएको आरोप लगाएका छन्। सिरहाको मिर्चैयामा मंगलबार आयोजित प्रेस मञ्च नेपालको मधेश प्रदेश अधिवेशनमा सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन्। सरकारले दलाल र विचौलियाको स्वार्थमा भूमि विधेयक ल्याएको र यसमा साथ नदिँदा तर्साउनका निम्ति गौर घटनाको अस्त्र प्रयोग गरिएको आरोप उनको छ। 'सरकारलाई विचौलियाको सेवा गर्नुछ, हामीले स्वीकार गरेनौं, सरकारलाई दिएको समर्थन फिर्ता लियौं,' उनले भने, 'तर, सरकारले हामीले तर्साउन गौर घटनाको अस्त्र प्रयोग गर्यो।'

आफ्नो पार्टीको अडान देश तथा जनताको पक्षमा रहेको भन्दै अहिलेकै अवस्थामा कुनै पनि हालतमा यो विधेयक स्वीकार गर्न नसकिने उनले स्पष्ट पारे। 'हामी आन्दोलनकारी हौं,' उनले भने, 'सरकारले जस्तोसुकै हत्कण्डा अपनाए पनि हामी हाम्रो अडानबाट दायाँबायाँ हुँदैनौं।' गौर घटना दुःखद् भएको र घटना भएको दिन आफ्नो पार्टीका अध्यक्ष उपेन्द्र यादव काठमाडौंमा एक कार्यक्रममा रहेको दाबी उनले गरे। यस्तै, मधेश आन्दोलनले मुलुकलाई परिवर्तनको बाटोमा डोर्याएको भन्दै यसलाई अपराधिरकण गर्न खोजिएकोमा उनले दुःख व्यक्त गरे।

## सिरहाको लहानमा आमा छोरा मृत फेला

सिरहा, १७ भदौ। सिरहाको लहान नगरपालिका १ मटियर्वामा आमा छोरा मृत अवस्थामा फेला परेका छन्। लहान नगरपालिका–१२ भोटियाटोल घर भई मटियर्वामा घर भाडा लिएर बस्दै आएका प्रवीण चौधरीको २३ वर्षीय श्रीमती रञ्जिता चौधरी र ५ वर्षीय छोरा एरोज चौधरी मंगलबार घरभित्रै मृत भेटिएका हुन्। सँगै रहेका अर्का ९ महिनाको छोरा भने गम्भीर अवस्थामा फेला परेका छन्। उनको प्रादेशिक अस्पतालमा उपचार भईरहेको छ।

रञ्जिताले दुवै छोरालाई विष ख्वाएर आफूले आत्महत्या गरेको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी कैलाश राईले जानकारी दिए। उनले भने, 'शवको प्रकृति हेर्दा रञ्जिताले दुवै छोराहरूलाई विष सेवन गराएर आफूले पनि आत्महत्या गरेको जस्तो देखिन्छ। बाँकी पोस्टमार्टम र अनुसन्धानबाट खुल्दै जाने छ।' घरमा चहलपहल नदेखेपछि स्थानीयले खुला रहेको झ्यालबाट भित्र हेर्दा रञ्जिता झुन्डिएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए।

श्रीमान् प्रवीण चौधरी भने ३–४ दिन देखि डेरामा नआएको स्थानीयलाई उद्धृत गर्दै प्रहरीले बताएको। उनी अझै सम्पर्कमा आएका छैनन्। शवबाट गन्ध आउन थालेकाले हिजो नै घटना भएको हुने सक्ने डीएसी राईले जानकारी दिए। प्रवीण र रञ्जिता विगत २ वर्षदेखि घर छोडेर लहान बजारमा बस्दै अदै आएको लहान १२ का वडा अध्यक्ष बद्रीनारायण चौधरीले जानकारी दिए। उनले भने, 'मसँग पनि विस्तृत जानकारी छैन। तर उनी करिब २ वर्ष देखि लहानमा बस्दै आएको भन्ने जानकारी पाएको छु।' प्रवीण भने लहान बजारमै ज्याला मजदुरीको काम गर्ने गरेको बताइन्छ।

## अस्पतालमा डायलासिस गराउने बिरामी बढे




**सुधा देव**

सप्तरी, १७ भदौ। सप्तरीको राजविराजस्थित रहेको गजेन्द्रनारायण सिंह अस्पतालमा डायलासिस गर्ने बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। जिल्लामा मिर्गौलामा समस्या हुनेको संख्यामा वृद्धि भएपछि डायलासिस गर्ने बिरामीको संख्या वृद्धि भएको हो। अस्पतालमा हाल ४७ जना बिरामीले डायलासिस सेवा लिइरहेका छन्। जसमध्ये ३९ पुरूष र ८ जना महिला रहेका छन्। वैदेशिक रोजगारीबाट फर्केका १७ जना रहेको डायलासिस वार्डको इन्चार्ज मनोज देवले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "डायलासिस गराउन आउने बिरामीमध्ये सबैभन्दा बढी १९ देखि ४० वर्षसम्मका रहेका छन्।" **–बाँकी दुई पेजमा**

## निजामती विधेयक राष्ट्रियसभाबाट पारित

काठमाडौं, १७ भदौ। संघीय निजामती सेवा विधेयक २०८० राष्ट्रियसभाबाट पारित भएको छ। राष्ट्रियसभाको आजको बैठकले विधेयक सर्वसम्मतिले पारित गरेको हो। यसअघि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती विधेयक २०८२ लाई पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो। विधेयकमाथिको बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री न्यौपानेले संघीयतालाई पूर्णरूपमा कार्यान्वयन गर्न संघीय निजामती सेवा ऐन महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले प्रशासनिक संघीयता बलियो नगरी संघीयतालाई संस्थागत गर्न नसकिने उल्लेख गर्दै यो ऐन लागू भएपछि कर्मचारी प्रशासन व्यवस्थित र प्रभावकारी

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

- होर्डिङ्क बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्क बोर्ड हटाउनुपर्ने व्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ.
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्क बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्क बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं
- बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सामाजिक सद्भावतर्फ पुनःप्रयासः जनकपुरको तनाव र समाधानको बाटो

जनकपुरधाम उपमहानगरपालिका–२०, देवपुरा रुपैठामा हालै भड्किएको साम्प्रदायिक तनावले समाजमा गम्भीर असर पुऱ्याएको छ। शनिबारको मूर्ति विसर्जनपछि झण्डाचोकस्थित टावरलाइट पोलमा बाँधिएको हरियो झण्डा हटाउने प्रयासले दुई धार्मिक समुदायबीच विवाद चर्कियो। त्यसपछि आइतबार समेत झण्डा हटाउने विषयमा पुनः झडप भई स्थिति अत्यन्त तनावग्रस्त बन्यो।

प्रहरीले अवस्था नियन्त्रणमा लिन शनिबार ११ सेल अश्रुग्यास र आइतबार झडप बढेपछि ३० राउन्ड गोली र ३१ सेल अश्रुग्यास प्रहार गर्नुपरेको थियो। यस घटनामा लक्ष्मण मुखिया घाइते हुनुका साथै सात जना प्रहरी पनि ढुंगामुढाबाट घाइते भए। यस्ता हिंसात्मक गतिविधिले नागरिकको सुरक्षामा मात्र होइन, सामाजिक समरसतामा पनि गम्भीर चोट पुऱ्याउँछ।

तर, पछिल्लो सहमति सकारात्मक संकेत हो। दुई समुदाय, राजनीतिक दल, जनप्रतिनिधि र धार्मिक अगुवाहरूको सर्वपक्षीय बैठकबाट सामाजिक सद्भाव कायम राख्न प्रतिबद्धता व्यक्त गरिएको छ। विगतका विवाद, विशेषतः तेलिया पोखरी सम्बन्धी, समाधान गर्ने सहमति समेत भएको छ। यस्तो सहमति दीर्घकालीन शान्तिको आधार बन्न सक्छ, यदि व्यवहारमा पनि उतारिन्छ भने।

सहमति अनुसार भदौ १४ र १५ गतेका घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी कानूनी कारबाही गरिने छ। साथै, कुनै पनि समुदाय वा व्यक्तिले सामाजिक वा धार्मिक सद्भावमा खलल पुऱ्याउने गतिविधि नगर्ने तथा त्यस्ता कार्यलाई नियन्त्रण गर्न सतर्क निगरानी गरिने उल्लेख छ। यसले राज्यको तर्फबाट दृढता देखाएको छ, जुन स्वागतयोग्य छ।

तर, यस्ता घटना बारम्बार नदोहोरोस् भन्नका लागि सहमति मात्र पर्याप्त हुँदैन। व्यवहारमा निष्पक्षता, संयमता र कानूनी प्रक्रिया सन्तुलित ढंगले लागू हुनु आवश्यक छ। प्रहरी, स्थानीय प्रशासन र राजनीतिक नेतृत्वले दीर्घकालीन समाधानका लागि निरन्तर संवाद, जनचेतना र सामाजिक समावेशीकरणमा काम गर्नुपर्छ। त्यसका साथै, धार्मिक पहिचानको सम्मान गर्दै सार्वजनिक स्थानहरूमा कसैको भावना नआहत हुने गरी नियम बनाइनु आवश्यक छ। झण्डा वा धार्मिक चिन्ह सार्वजनिक ठाउँमा राख्दा सबै समुदायबीच सहमति आवश्यक छ, जुन सामाजिक शान्तिको आधार हो।

जनकपुर विविधताको सहर हो। यहाँको पहिचान नै धार्मिक सहिष्णुता र सांस्कृतिक बहुलता हो। अहिलेको सहमति त्यो पहिचान जोगाउनेतर्फको प्रयास हो। यसलाई स्थायीत्व दिन हामी सबैको संयम, समझदारी र साझा जिम्मेवारीको भावना अपरिहार्य छ।

## अस्पतालमा ...

पछिल्लो समय डायलासिस गर्ने बिरामीको संख्या बढेपछि बिहान, दिउँसो र बेलुकी गरी ३ सिफ्टमा अस्पतालमा डायलासिस हुँदैआएको उहाँले जानकारी दिनुभयो। दिनहुँ १५ देखि १७ जना बिरामीको डायलासिस हुँदैआएको छ। प्रक्रिया पूरागरी स्थानीय तह र जिल्ला प्रशासनको सिफारिसमा आएकाको निःशुल्क डायलासिस हुँदैआएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "इमर्जेन्सी डायलासिस गर्नुपर्छ। नेपाल सरकारले तोकिएको मापदण्डअनुसार प्रक्रिया पुऱ्याएर नआएका बिरामीहरूसँग अस्पतालले ४ हजार शुल्क लिएर डायलासिस गर्दैआएको छ।

वैदेशिक रोजगारमा गएकाहरूले दिनहुँ ब्वाइलर कुखुराको मासु खाने पानीको सट्टा अत्यधिक कोल्ड ड्रिङ्क्स पिउनाले मिर्गौला फेल हुने समस्या देखिएकाले वैदेशिक रोजगारीमा गएकाहरूलाई सचेत रहन आग्रह गर्नुभयो। विदेश गएकाहरूले खानपिनमा ख्याल नगर्दा मिर्गौलाको समस्या हुने बिरामी बढ्दै गएको उहाँले बताउनुभयो। विदेश गएकाहरूसँगै सबैले खानपिन र रहन सहनमा एकदमै सतर्कता अपनाउन आवश्यक रहेको उहाँले बताउनुभयो। यस अस्पतालमा दुई हप्ताभित्र तीन बेडको सेरोलोजी पोजेटिभ बिरामीहरूका लागि डायलासिस सेवा सञ्चालनमा आउनभएको छ।

## *निजामती...*

हुने बताउनुभयो। लामो समयसम्म कर्मचारी व्यवस्थापनमा देखिएको समस्याले संघीयतालाई व्यवहारमा उतार्न अवरोध गरेको भन्दै मन्त्री न्यौपानेले ऐनले ती समस्याहरूको समाधान गर्ने उल्लेख गर्नुभयो। संघीयताको मर्म अनुसार कर्मचारी व्यवस्थापन गर्दै सुशासनमुखी संयन्त्र विकास गर्नुपर्ने उहाँको भनाइ छ। प्रतिनिधिसभाले पठाएको ६० दिनभित्र सन्देशसहित फिर्ता पठाउने अन्तिम दिन आज विधेयक पारित भएको हो। प्रतिनिधिसभाबाट विधेयक पारित गर्ने बेला 'कुलिङ अफ पिरियड' मा भएको त्रुटि राष्ट्रियसभाले सच्याएको छ।

# गोलबजार नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**लहान, सिरहा**

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धी सूचना

**पाँचौं पटक प्रकाशित मिति २०८२/०५/१७**

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/०८५ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्वन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनसम्म अर्थात मिति २०८२।०५।२३ गतेसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।
२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर पोखरीको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (अठौं) औं दिन अर्थात २०८२/०५/२४ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।
३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।
४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) घरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ।
५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. ठेक्का अवधि आ.व. २०८२।०८३ देखि आ.व. २०८४।०८५ सम्मको २०८५ आसार मसान्त सम्म हुनेछ।
७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।
९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन। आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन र तिन किस्तामा राजस्व जम्मा गर्नुपर्नेछ। पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३० रकम २०८४ श्रावण मसान्तसम्म बझाउनु पर्नेछ। तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५%, पहिलो महिना ७% र त्यस पश्चात मासिक १०% जरिवाना लाग्नेछ। पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरि मात्र सम्झौता गरी पट्टा उठाउन पाउनेछ। म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ।
११. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।
१२. स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने करहरु सम्बन्धीत ठेक्कादारले स्वयम बुझाई सक्कलै भौचर यस कार्यालयको राजस्व शाखामा चालु आर्थिक वर्षमा नै बुझाउनुपर्नेछ।
१३. नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संस्था/फर्म/कम्पनीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ।
१४. प्रत्येक पोखरीको सिलबन्दी खाम छुटाछुटै दिनुपर्नेछ र खामको बाहिरपट्टी कुन पोखरीको हो खुलाउनु पर्नेछ।
१५. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन।
१६. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ति ठेक्का लिने व्यक्तिबाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।
१७. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।
१८. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन। सबैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको बोलपत्र स्वीकृत हुनेछ।
१९. बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

**आ.व. ०८२/०८३ देखी ०८४/०८५ सम्म ठेक्का लाग्ने पोखरीहरु**

| क्र.सं. | पोखरीको नाम | ठेगाना | न्यूनतम रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | खजनपुरीया पोखरी | १ | ४६१२५ |
| २ | डाबर खाता झगरु महतो घर नजिक | १ | ४१२५ |
| ३ | भर्तिवाला बाँध पोखरी | १ | १४२५० |
| ४ | जम्दह–४ का रामकुमार वाला पोखरी | ३ | ४२००० |
| ५ | आ. बलकवा ढाङ्गर टोल | ११ | २५३७५० |
| ६ | बेतौना ४ क गाउँब्लक पोखरी | १२ | ५६२५० |
| ७ | बेतौना ५ अर्जिलालवाला पोखरी किता नं. ३१४ | १२ | १९५३७५ |
| ८ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर किता नं. १६ | १२ | १५७५०० |
| ९ | बेतौना ४ ग बेतौना ५ मिनहै किता नं. ३० | १२ | २३६२५ |
| १० | बेतौना ९क बेतौना ९ हरिदेव महतो किता नं. ३३१ | १२ | ७९२७५ |
| ११ | मैजनियाँ पोखरी | १३ | ७५७५० |
| १२ | जिम्दार पोखरी | १३ | ३०३७५० |

**गोलबजार नगरपालिका, सिरहा**

# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

**सम्झौता गर्न आउने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८२/०५/०९**

यस नगरपालिकाबाट मिति २०८२।०५।०९ गते प्रकाशित आशय सम्बन्धी सूचना अनुसार पोखरी ठेक्का स्वीकृत भएका बोलपत्रदाताहरुले मिति २०८२ भाद्र २३ गते भित्र सूचनामा उल्लेख भए अनुसारको शर्त बमोजिम किताबन्दीमा रकम भुक्तानी गर्ने व्यक्ति तथा फर्महरुले अनिवार्य पहिलो किस्ता बराबरको रकम र बाँकी किस्ता बराबर रकमको १३ महिना म्याद भएको बैंक ग्यारेन्टी लिए सम्झौता गर्न आउन हुन यसै सूचना मार्फत् सम्बन्धित सरोकारावालाहरुमा जानकारीको लागि यो प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का विवरण | ठेक्का विवरण र ठेगाना | कबोल अंक रु. (मूल्य अभिवृद्धि कर बाहेक) | स्वीकृत व्यक्ति/ फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | पोखरी ठेक्का | विष्ट घर निरको पोखरी, सि.नं. ५, गो.न.पा.–८ | रु.१,९८,०००/– (अक्षरेपी एक लाख अन्ठानब्बे हजार) | कल्पना कुमारी महतो, गोलबजार–७ |
| २. | पोखरी ठेक्का | गिट्टीवालाको पोखरी, सि.नं. ६, गो.न.पा.–८ | रु. २,५४,१५१/– (अक्षरेपी दुई लाख चौबन्न हजार एक सय एकाउन्न ) | अनिल कुमार महतो, गोलबजार–७ |
| ३. | पोखरी ठेक्का | मुसहरवा खोला सिंचाई बाँध, सि.नं. ७, गो.न.पा.–९ | रु. ६,१००/– (अक्षरेपी छ हजार एक सय) | कुमारी देवी महतो, गोलबजार–९ |
| ४. | पोखरी ठेक्का | मरखाला निरको खाता पोखरी, सि.नं. ८, गो.न.पा.–९ | रु. ६,०००/– (अक्षरेपी छ हजार) | कुमारी देवी महतो, गोलबजार–९ |

**प्रमुख प्रशासकीय अधिकृत**


# महाकाली नदीमा पानीको बहाव घट्दै गए पनि बाढी विस्थापित परिवार घर फर्कन सकेनन्



काठमाडौं, १७ भदौ। कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकाका विस्थापित नागरिक अझै घर फर्कन सकेका छैनन्। बस्ती अझै डुबानमै रहेकाले विस्थापित परिवार घर फिर्ता हुन नसकेका हुन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सागर बोहराका अनुसार नदीको बाढी बस्ती पस्दा ५४ घर डुबानमा परेका छन्। डुबानमा परेका दुई सय १८ जनालाई सुरक्षित ठाउँमा सारिएको छ। विस्थापनमा परेका परिवार नजिकको विद्यालयमा बस्दै आएका छन्। नदीको बहाव घट्दो क्रममा रहे आज साँझसम्म विस्थापित परेका परिवार फर्कन सक्ने अवस्था रहेको प्रहरी नायब उपरीक्षक बोहराले बताउनुभयो। वडा नम्बर ८ का ७० जना, वडा नम्बर ३ का ५५ जना, वडा नम्बर १० का ४० जनालाई विभिन्न विद्यालयमा राखिएको छ।

त्यसैगरी सुन्दरनगरमा रहेको सशस्त्र प्रहरीको बीओपीमा कार्यरत २३ जनालाई ओमकार आधारभूत विद्यालय र कञ्जभोजमा कार्यरत ३० जनालाई सहरी खोप केन्द्र भवनमा सारिएको छ। समयमै उद्धारकार्य गरिँदा बाढीजन्य विपद्का कारण हुने अप्रिय घटना भने हुन नपाएको प्रहरी नायब उपरीक्षक बोहराले बताउनुभयो।

# वीरगञ्ज हैजा प्रकोप : डेढ साता बित्दा पनि पत्ता लागेन स्रोत

**माया श्रेष्ठ**

काठमाडौँ, १७ भदौ। वीरगञ्जमा हैजा सङ्क्रमण देखिएको डेढ साता बितिसकेको छ। तर हैजा कसरी सुरु भयो भन्ने हालसम्म पहिचान हुन सकेको छैन। सरकारले परीक्षणका लागि नमुना पठाएको बताए पनि डेढ सातासम्म पनि रिपोर्ट नआउनुले विभिन्न आशंका उब्जाएको छ। चिकित्सकका अनुसार हैजाको पुष्टि र यसको स्रोत पत्ता लगाउन विभिन्न चरणका परीक्षण आवश्यक पर्छन्। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका अनुसार हैजाको शंका लागेका बिरामीको दिसा परीक्षण गरिन्छ। दिसा परीक्षणमा दुई विधि अपनाइन्छ, जसमा र्‍यापिड डाइग्नोस्टिक टेस्ट ( आरडीटी) र कल्चर पर्छ। पहिलो आरडीटी परीक्षणको रिपोर्ट १५ देखि ३० मिनेटभित्र आउँछ। यसले सङ्क्रमण पोजेटिभ वा नेगेटिभ भएको देखाउँछ। यो एक 'किट' बाट गरिने परीक्षण हो, जसले तत्काल परिणाम दिन्छ।

दोस्रो, कल्चर र एन्टिबायोटिक सेन्सिटिभिटी टेस्टिङ (एएसटी) हो। यस परीक्षणबाट सङ्क्रमण पुष्टि गर्न, ब्याक्टेरियाको पहिचान गर्न र कुन एन्टिबायोटिकले काम गर्छ भनी पत्ता लगाउन सकिन्छ। यसका लागि बिरामीको दिसाबाट प्राप्त 'भिब्रियो कोलेरी' (हैजा गराउने ब्याक्टेरिया) लाई प्रयोगशालामा विकास गराइन्छ, जसका लागि कम्तीमा ४८ घण्टा समय लाग्ने ती चिकित्सकको भनाइ छ।

उनका अनुसार ब्याक्टेरिया विकास भइसकेपछि मात्र 'एन्टिबायोटिक सेन्सिटिभिटी टेस्टिङ' (एएसटी) गरिन्छ। यसले कुन एन्टिबायोटिकले ब्याक्टेरिया मर्छ भन्ने देखाउँछ र प्रभावकारी उपचारका लागि बाटो खुला गर्छ। यो 'एएसटी'को रिपोर्ट आउन थप तीन दिन जति लाग्छ। तसर्थ हैजाको पूर्ण पुष्टि र कुन एन्टिबायोटिकले काम गर्छ भन्ने जानकारी पाउन बढीमा पाँच दिनको समय लाग्छ। स्रोत पहिचानका लागि शंकास्पद स्थानबाट नमुना संकलन गरिसकेपछि दुईदेखि चार घण्टासम्ममा नतिजा आइसक्ने चिकित्सक बताउँछन्। वीरगञ्जको सवालमा हैजा कसरी फैलियो, पानीको स्रोत नै मुख्य कारक हो या अन्य कारणबाट यो सङ्क्रमण फैलिएको हो भन्नेबारे अझै प्रस्ट भइसकेको छैन।

**स्रोत पहिचानमा किन ढिलो ?**

सङ्क्रमित निरन्तर पुष्टि भइरहेको अवस्थाका बाबजुद लामो समयसम्म सरकारले कुन स्रोतबाट हैजा फैलिएको भन्ने पत्ता लगाउन नसक्नु लज्जाको विषय भएको जनस्वास्थ्यविज्ञ बाबुराम मरासिनी बताउँछन्। उनले भने, 'हैजाको मुख्य स्रोत खानेपानी नै हो भन्ने कुरा सामान्य व्यक्तिले पनि सहजै बुझ्न सक्छ। लामो समयसम्म पनि स्रोत पहिचान हुन नसक्नुमा सरकारी निकायको नियतमा प्रश्न उठेको छ।'

डा.मरासिनीले स्रोत पहिचान भएमा जिम्मेवार निकाय र व्यक्तिमाथि कारबाही हुने डरले सरकारले जानीजानी लुकाएको हुनसक्ने आरोप लगाए। पानीको नमूना परीक्षण गरी हैजाको जीवाणु पत्ता लगाउन दुई घण्टामात्र लाग्ने उनको भनाइ छ। हैजा अन्तर्राष्ट्रियस्तरमा 'पब्लिक हेल्थ इभेन्ट अफ इन्टरनेशनल कन्सर्न' अर्थात् रिपोर्ट गर्नुपर्ने रोग हो, जसका कारण हैजाको स्रोत पहिचान भए पनि सम्बन्धित निकायले लुकाएको हुन सक्ने मन्त्रालयकै अधिकारी बताउँछन्। अर्थात् सरकारले विश्व स्वास्थ्य संगठनलाई हैजाको सम्बन्धमा जानकारी गराउनुपर्ने भएकैले रिपोर्ट सार्वजनिकमा आलटाल गरेको हुन सक्ने ती अधिकारी बताउँछन्। ती स्वास्थ्य कर्मचारीले वीरगञ्जका घर–घरमा जम्मा गरी राखिएको पानीका कतिपय नमुनामा हैजाका जीवाणु भेटिएको सुनाए।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका एक चिकित्सकका अनुसार कहाँको पानीबाट हैजाको फैलिएको हो भनेर परीक्षण गर्न धेरै समय लाग्दैन। बिरामीको घरको खानेपानी (धाराको पानी, चापाकलको पानी, ड्रममा राखिएको पानी, ट्यांकरबाट आएको पानी) को परीक्षण गरेर सहजै स्रोत पत्ता लाग्ने उनको दाबी छ। खानेपानीको परीक्षण दुईदेखि चार घण्टाभित्र सकिने उनले बताए। ती चिकित्सकका अनुसार बिरामीले खाएका खानेकुराहरू (बासी, होटलबाट ल्याएको वा अन्यत्रबाट ल्याएको) परीक्षण गरिन्छ। सेरोटाइपिङले सङ्क्रमण फैलाउने ब्याक्टेरियाको प्रजाति पत्ता लगाउँछ। यो ब्याक्टेरिया नेपालमै पहिलेदेखि भएको वा बाहिरबाट आएको हो भन्ने यसबाट खुल्ने उनले बताए।

यस्तै, पखाला लागेको व्यक्तिको कपडा वा व्यक्तिगत सरसफाइमा कमीले पनि हैजा सर्नसक्ने भएकाले यस्ता पक्षमा पनि अनुसन्धान गरिने ती चिकित्सकले बताए। हैजाको बिरामीको दिसामा ब्याक्टेरियाको मात्रा धेरै हुने र बिरामीको उठबस, सम्पर्कबाट पनि यो फैलिन सक्ने उनको भनाइ छ।

**मन्त्रालय भन्छ, हैजाको स्रोत खोज्दैछौँ**

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर प्रकाश बुढाथोकीले प्रकोप फैलिएपछि पानीमा क्लोरिन हालेर शुद्धीकरण गर्ने कार्य भएको र अहिले पुरानो भण्डारणमा रहेको पानीको स्वच्छता परीक्षण भइरहेको बताए। प्रकोपको कारक पत्ता लगाउन पानीको मुख्य तीन वटा स्रोतमाथि अनुसन्धान भइरहेको उनको भनाइ छ। हैजाको मुख्य कारण प्रदूषित पानी नै भए पनि खासगरी बोरिङ र ढलको सम्बन्धबारे आशङ्का निवारण गर्न खानेपानी मन्त्रालयसहित ६–७ वटा विभिन्न प्रयोगशालामा पानीका नमुनाको परीक्षण भइरहेको प्रवक्ता बुढाथोकीले बताए। यसको प्रतिवेदन आएपछि थप स्पष्ट हुने उनको भनाइ छ। प्रकोप फैलिएपछि पानीमा क्लोरिन हालेर शुद्धीकरण गरिएकाले धाराको पानीमा हैजाको स्रोत तत्काल पुष्टि नभएको उनले बताए।

सुक्खाग्रस्त क्षेत्र घोषणा लगत्तै विभिन्न तहका सरकारले आफूखुसी गाडेका बोरिङका पाइप ढलसँग जोडिएको हुन सक्ने आशङ्का पनि प्रवक्ता बुढाथोकीले व्यक्त गरे। यस्तै ट्याङ्करहरूले ठुला सिमेन्टका ट्याङ्कीमा पानी भरेर टोलटोलमा वितरण गर्ने गरेको पाइएकाले यसको स्रोत र वितरण प्रक्रियाको शुद्धतामाथि पनि प्रश्न उठेकाले यसबारे पनि जाँच भइरहेको उनले जानकारी दिए।

**सरुवा रोग ऐन आवश्यक**

देशमा सरुवा रोग ऐन तत्काल निर्माण गरी स्वास्थ्य सुरक्षालाई बलियो बनाउनुपर्ने माग पनि उठेको छ। यसले भविष्यमा आउन सक्ने यस्ता महामारीको प्रभावकारी रोकथाम र नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्ने डा.मरासिनी बताउँछन्। यदि सरुवा रोग ऐन बनेको भए पानीमा अनिवार्य क्लोरिन हाल्नुपर्ने, क्लोरिन नराखी पानी आपूर्ति गर्ने कार्यालय प्रमुखलाई कारबाहीका लागि स्पष्ट कानुनी प्रावधान हुने उनको भनाइ छ। यसले जिम्मेवारी निर्धारण गरी उत्तरदायित्व बढाउने उनले प्रस्ट पारे।

ऐनले पानी, दुध, सरसफाइ लगायतका सबै पक्ष समेट्नुपर्ने हुन्छ। हैजा सङ्क्रमित बिरामीलाई कसरी व्यवस्थापन गर्ने, विदेशबाट जहाज वा अन्य माध्यमबाट सङ्क्रमित आएमा उनीहरूलाई कहाँ राख्ने, कसरी क्वारेन्टाइनमा राख्नेजस्ता विषयमा स्पष्ट कानुनी प्रावधान नहुँदा कतिपय सङ्क्रमितकै माध्यमबाट गाउँघरमा रोग फैलिने उनको भनाइ छ। हैजा सङ्क्रमण नियन्त्रणमा नआएकै कारण वीरगञ्ज र आसपासका शिक्षण संस्था एक सातादेखि बन्द छन्। यसै साताको सुरुवातमा प्रकोप क्षेत्रमा पुगेका गृहमन्त्री रमेश लेखकले केन्द्रबाट विज्ञहरूको टोली खटाएर सङ्क्रमणको स्रोत यकिन गर्ने बताएका थिए।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले प्रकोप क्षेत्रमा स्वास्थ्य मन्त्रालयका स्वास्थ्यकर्मी, विश्वस्वस्थ्य संगठन( डब्ल्यूएचओ)का प्रतिनिधी, युनिसेफ, प्रादेशिक स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय र वीरगञ्ज महानगरपालिका झाडापखाला नियन्त्रण, रोकथाम र स्रोत पहिचानमा निरन्तर जुटेको सुनाउँछन्। स्वास्थ्य मन्त्रालयले हैजा सङ्क्रमण भई अस्पतालमा भर्ना हुने दर कम भएको जनाए पनि वीरगञ्जमा नयाँ बिरामी पुष्टि हुने क्रम रोकिएको छैन, जसका कारण हैजा सङ्क्रमण कुनै पनि समयमा तीव्र हुनसक्ने जोखिम रहेको जनस्वास्थ्यविद् बताउँछन्।

मधेस प्रदेशमा पछिल्लो २४ घण्टामा हैजाका ४६ जना नयाँ सङ्क्रमित फेला परेका छन्। हालसम्म ८९६ जनामा झाडापखाला पुष्टि भएको छ, जसमा ७९३ जना निको भइसकेका छन्। सक्रिय सङ्क्रमितको संख्या १०३ मा झरेको छ। हैजा प्रकोप फैलिएपछि भदौ ९ गते स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र खानेपानीमन्त्री प्रदीप यादवले प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेका थिए। यस्तै गृहमन्त्री रमेश लेखक र विभिन्न राजनीतिक दलका नेताहरू केन्द्रबाट हैजा प्रकोप क्षेत्रमा अनुगमनका लागि पुगेका थिए।

# ‘मधेश प्रदेश सरकारको नेतृत्व गर्ने पालो आएको छ’

**विनय कर्ण**

सप्तरी, १७ भदौ। लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेशमा अब सरकार बनाउने पालो हाम्रो पार्टीको आएको बताउनुभएको छ। मधेश प्रदेशमा मधेशी दलहरूले साढे सात वर्षदेखि सरकारको नेतृत्व गरिसकेकोले अब नेतृत्व गर्ने पालो हाम्रो भएको उहाँले बताउनुभएको हो। राजविराजमा मंगलबार लोसपा सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै अध्यक्ष ठाकुरले सात प्रदेश मध्ये तीन कांग्रेस, तीन एमालेले लिने र मधेश प्रदेश मधेशी दलहरूलाई दिने केन्द्रमा भएको सत्ता गठबन्धनबिचको सहमति अनुसार यो प्रदेशमा मधेशी दलले नै सरकार बनाउने हुँदा अब नेतृत्व गर्ने पालो लोसपाको रहेको दाबी गर्नुभयो।

“मधेश प्रदेशमा कांग्रेस–एमाले दुई ठुला दल मिलेर पनि सरकार बन्ने स्थिति छैन्, मधेशी दलको पनि साथ चाहिन्छ र मधेशी दलहरूले नेतृत्व गरिसकेको छ त्यसैले अबको पालो हाम्रो हो” अध्यक्ष ठाकुरले भन्नुभयो, “अहिले तत्काले मधेश प्रदेशमा सरकार परिवर्तनको सम्भावना छैन्, तर, रूपन्देहीको उप–चुनाव पछि परिवर्तनको सम्भावना छ।” उहाँले केन्द्रमा दुई ठुला दलको बहुमतको सरकार रहेकोले २०८४ सम्म चल्ने बताउनु हुँदै लोसपा सरकारमा रहेरै जनताको पक्षमा काम गर्ने स्पष्ट पार्नुभयो। सरकारमै रहेर शान्तिपुर्ण आन्दोलनमा पनि रहेको बताउनु हुँदै उहाँले अन्नको भण्डार मधेशमा भएको खडेरी र खानेपनी समस्याबारे सरकार र सदनमा पनि आवाज उठाउने काम आफूले गरिरहेको जानकारी दिनुभयो।

प्रधानमन्त्रीसँगै आफुपनि मधेशको सुख्खाग्रस्त क्षेत्रको अवलोकन गरेको भन्दै उहाँले प्रधानमन्त्रीले पाँचसय डिप बोरिङ दिने घोषणा गरेर पनि अहिलेसम्म नदिएको प्रति असंतुष्टि पोख्नुभयो। सप्तरीका राजविराजमा बुधबार आयोजना हुने संघीय लोकतान्त्रिक मोर्चाको कार्यक्रममा सहभागि हुन आइपुग्नुभएका अध्यक्ष ठाकुरले विगतमा भएको आन्दोलनबाट पहिचान पाएको तर अधिकार नपाएकोले मोर्चा बनाएर जनताबिच गइरहेको स्पष्ट पार्नुभयो।

जनसंख्याको आधारमा बजेट निर्माण हुनुपर्ने भन्दै अध्यक्ष ठाकुरले मधेश प्रदेश बाट जाने राजस्वको कम्तिमा पनि ३५ प्रतिशत पाउनुपर्ने धारणा राख्नुभयो। “मधेश प्रदेशबाट जाने राजस्वको २० प्रतिशत पनि मधेशमा अहिले सम्म आएको छैन” उहाँले भन्नुभयो। पत्रकार सम्मेलनमा लोसपाका वरिष्ठ उपाध्यक्ष जयप्रकाश ठाकुर, जिल्ला अध्यक्ष सुनिल झा सहित पार्टीका नेता कार्यकताहरूको उपस्थिति थियो।

# वीरगञ्ज हैजा : ९३ प्रतिशत बिरामी निको भएर घर फर्किए

**दिपकप्रसाद गौतम**

वीरगञ्ज, १७ भदौ। वीरगञ्जमा भदौ ६ गते शुक्रबार तीन जनामा हैजा सङ्क्रमण पुष्टि भएसँगै फैलिएको झाडापखाला एवम् हैजाको सङ्क्रमण कम हुँदै गएको छ। भदौ १७ गते मंगलबार साँझ ५ बजेसम्म हैजाको सङ्क्रमण पुष्टि भएका ९३ प्रतिशत भन्दा बढी बिरामी उपचारपछि निको भएर घर फर्किएका छन्। दैनिक झाडापखाला लागेर अस्पताल पुग्ने र हैजा सङ्क्रमण पुष्टि हुने बिरामीको संख्या घट्दै जानु अनि धेरै उपचाररत बिरामी दैनिक निको भएर घर फर्किनुले वीरगञ्जमा फैलिएको हैजा अब केही दिनमा नियन्त्रणमा आउने संकेत भएको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंह बताउनु हुन्छ।



नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंह भन्नुहुन्छ , ‘यस्तै अवस्था रहने हो भने अबको तीन/चारदिन भित्र अस्पतालमा हैजा सङ्क्रमित बाँकी रहदैनन्। हैजा पूर्णरुपमा नियन्त्रणमा आउँछ।’ नारायणी अस्पतालमा उपचार गराएका बिरामीलाई औषधी तथा उपचार सम्पूर्ण निःशुल्क रहेको भए पनि अन्य अस्पतालमा उपचाररत बिरामीलाई भने त्यस्तो सुबिधा मिलेको थिएन्। निःशुल्क औषधी उपचार पाउने भएकाले कूल अस्पतालमा भर्ना भएका ९१२ जना मध्ये नारायणी अस्पतालमा मात्र चार सय ८५ जना उपचार गराउन भर्ना भएका थिए।

# धानखेती डुबानले नष्ट भएपछि सिँघाराखेती गर्दै किसान

महोत्तरी, १७ भदौ। गत साउनमा आएको वर्षापछिको डुबानले धानखेती नष्ट भएपछि जलेश्वर नगरपालिका–८ का किसानले विकल्पमा सिँघाराखेती गर्न थालेका छन्। यहाँको करिब २०० बिघा क्षेत्रफलमा लगाइएको धानबाली डुबान नष्ट गरेपछि किसानहरूले अहिले वैकल्पिक रूपमा सिँघाराखेती गर्न थालेका हुन्। समयमा पानी नपरेपछि ढिलो गरी रोपाइँ गरेका यहाँका किसानको बाली रातो खोलामा थुनेर राखिएको पानीले बाढीको रुप लिएपछि करिब २०० बिघा क्षेत्रफलको धानखेती नष्ट भएको थियो।

पुनःधानखेती गर्न नसकिने गरी खेतका फाँटहरूमा पानी भरिएपछि वैकल्पिक रूपमा सिँघाराखेती गर्न थालिएको किसान मनोज साहले बताउनुभयो। यस क्षेत्रमा बर्सेनि धानखेती डुबानमा पर्ने गरेको भन्दै यसले आर्थिक क्षतिका साथै शारीरिक परिश्रमसमेत खेर जाने गरेको उहाँको भनाइ छ। उहाँका अनुसार अहिले यहाँका दर्जनौँ किसान वैकल्पिक रूपमा सिँघाराखेतीतर्फ आकर्षित हुँदै गएका छन्।प्रत्येक वर्ष रोपेको धानबाली डुबेर आर्थिक क्षति भइरहेको देखेपछि कम लगानी र मेहनतमा मनग्य आम्दानी हुने सिँघाराखेतीतर्फ किसान आकर्षित हुँदै गएका स्थानीय चन्देश्वर साहले बताउनुभयो। यहाँमात्रै नभएर धानखेतीको सुनिश्चित नहुने क्षेत्रमा कम लगानी गरी मनग्य आम्दानी हुने भएको विकल्प छनोट गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सदरमुकाम जलेश्वर र वरिपरिका सयौँ बिघा पानी जमेर धानबाली नष्ट भएपछि विकल्पमा सिँघारा (फल) खेती सुरु गरिएको जलेश्वर नगरपालिका–१ वडाध्यक्ष अनिलकुमार झाले बताउनुभयो। उहाँका अनुसार जमेको पानीमुनि लहरामा फल्ने सिँघारा एक प्रकारको गुलियो फल हो। यो फल स्वास्थ्यका पोष्टिकतत्वले भरिएको हुने भएकाले स्थानीस्तरमा लोकप्रिय छ। गत



साउन १५ पछि आएको बाढीका कारण जलेश्वरका अधिकांश खेती डुबानमा परेपछि किसानको सहजताका लागि खेत तथा पोखरीमा सिँघाराखेती सुरु गरिएको जलेश्वर–२ का वडाध्यक्ष वरुण दाहालले बताउनुभयो।

वर्षौंदेखि बाँझो रहेको जलाशयमा यहाँ ५०–६० परिवारले खेती सुरु गरेका जलेश्वर–४ का किसान रामजनम सहनीले बताउनुभयो। स्वाद मीठो र लोकप्रिय सिँघारा असोजदेखि बिक्रीका लागि तयारी हुन्छ। सिँघारा प्रतिकिलो रु १२० देखि १८० सम्म बिक्री हुने भएकाले लाखौँ आम्दानी गर्न सकिने जलेश्वर–२ का दिलचन मुखियाले जानकारी दिनुभयो। मिथिलाञ्चलमा पूजाआजा गर्दा प्रसादका रूपमा प्रयोग हुने सिँघारा बालबालिका, बूढापाका र पेटका रोगीले बढी मनपराउने किसान जीबछ मोमिनले बताउनुभयो। सिँघारा बेचेर प्रतिकिसान रु दुई–तीन लाखसम्म आम्दानी गर्न सकिने जलेश्वर–९ का किसान सिया यादवको भनाइ छ।

बाह्रै मास पानीले भरिभराउ रहने जलेश्वर र वरपरका क्षेत्रमा सिँघाराको व्यावसायिक खेती प्रवर्द्धन र विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने स्थानीय कृषि कार्यालयसँग सयौँ बिघामा हुने सिँघाराखेतीबारे कुनै अभिलेख छैन। जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीले सिँघाराखेतीलाई प्रवर्द्धन गर्नुपर्ने र मौसमी उद्योगका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। यो खेती गर्ने किसानका लागि संघले विशेष योजनासहित प्रोत्साहनमूलक कार्यक्रम ल्याउने उहाँले प्रतिबद्धता जनाउनुभयो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)